Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
Nepal Copyright Registrar's Office

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

Volume 1, Issue 1 October 19, 2006

## Inside this issue

Participation in WIPO's Meeting 2
Q - A Column 3
प्रतिलिपि अधिकार कार्यालय स्थापनाको जानकारी 3
कार्यालयका विगतका क्रियाकलापहरु 4
प्रश्नोत्तर स्तम्भ 5
प्रतिलिपि अधिकारको प्रयोग, सिर्जना र लाभका संभावना 6
कार्यालय गतिविधिका झलकहरु 7
Introduction to WIPO 8

Chief Editor:
Mr. Ram Prasad Bhattarai
Editorial Team:
Mr. Deepak Khanal
Mr. Kiran Shakya
Mr. Ratna Kaji Maharjan
Design:
Mr. D. Kachhipati

www.nepalcopyright.gov.np

यदि तपाईंलाई बैद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा तपाईंलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनको आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥



## शुभेच्छा

आजको विश्वमा बौद्धिक सम्पत्तिको सिर्जनाले राष्ट्रलाई अग्रगामी दिशातर्फ मार्ग दर्शन गर्दछ भन्ने कुरामा कसैको दुईमत नहोला । नेपालमा बौद्धिक सम्पत्तिको संरक्षणका प्रयासहरू केही दशक पहिलेदेखि भएको भएतापनि बौद्धिक सम्पत्तिको मुख्य पाटो प्रतिलिपि अधिकारको क्षेत्र भने खासै मौलाउन सकेको छैन ।

प्रतिलिपि अधिकारको संरक्षण गरी सम्बन्धित सिर्जनाकारलाई लाभ पुऱ्याउनुका साथै लगानीमा सुनिश्चितता दिई सिर्जनामा आधारित उद्योगको विकासका निमित्त उपयुक्त वातावरण तयार गर्नु आजको आवश्यकता हो ।

नेपाल WIPO, WTO, Berne लगायतमा सदस्य भई अन्तर्राष्ट्रिय संरक्षण पद्धतिको पक्षधर भइसकेको कारण पनि यस क्षेत्रमा चेतनाको स्तर माथि उठाउनु अत्यन्त जरुरी भएको छ । यस सन्दर्भमा भर्खरै स्थापित नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यसै प्रयोजनका लागि चेतनामूलक प्रतिलिपि अधिकार बुलेटिन (Copyright Bulletin) चौमासिक रूपमा प्रकाशन गर्न लागेको विषय प्रसंशनीय र स्वागत योग्य छ ।

यस सुखद् अवसरमा बुलेटिनमा प्रकाशित हुने सामग्रीहरूले सिर्जनाकार, प्रयोगकर्ता, व्यवसायी लगायत सबैलाई प्रतिलिपि अधिकार संरक्षण र प्रवर्द्धनमा प्रोत्साहन मिलोस् र सिर्जनाको विकासमार्फत नैतिक, सचेत र जिम्मेवार समुदायको निर्माण गर्न ठोस मद्दत पुगोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

(प्रदीप कुमार ज्ञवाली)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय



## शुभ-कामना

सम्पूर्ण समाज र राष्ट्रलाई अगाडि लैजाने बौद्धिक सम्पत्तिको संरक्षणका क्षेत्रमा भएका विश्वव्यापी प्रयास स्वरूप नेपालले पनि औद्योगिक क्षेत्र र प्रतिलिपि अधिकार क्षेत्रलाई संस्थागत रूपमै विकास गर्न थालेको कुरा सर्वविदित नै छ ।

तुलनात्मक रूपमा ओझेल परेको प्रतिलिपि अधिकारको क्षेत्रलाई सबल बनाई सिर्जनाको प्रभावकारी संरक्षण गर्न र स्रष्टालाई सिर्जनाबाट यथोचित लाभ पुऱ्याउने उद्देश्यले प्रतिलिपि अधिकार ऐन तथा नियमावली लागू भइसकेका छन् । साथै प्रतिलिपि अधिकारको विषयलाई जनमानसमा पुऱ्याई यसको संरक्षण, सम्बर्द्धन लगायत प्रतिलिपि अधिकार कानून कार्यान्वयनका लागि छुट्टै कार्यालय स्थापना हुनु सम्पूर्ण स्रष्टा एवं प्रयोगकर्ताका लागि अवश्य पनि खुशीको कुरा हो ।

सिर्जनाको प्रयोग वापत स्रष्टालाई लाभ दिलाउन र उद्यमीले आफ्नो लगानीको प्रतिफल पाउने वातावरण तयार गर्न प्रतिलिपि अधिकारका सम्बन्धमा सरोकारवालाहरूमा चेतनाको स्तर बृद्धि हुनु अति जरुरी छ । प्रतिलिपि अधिकार ऐनले परिकल्पना गरेको रोयल्टी संकलन संस्था (Collective Management Organization) को विकास र त्यसमार्फत सिर्जनाको प्रयोग वापत स्रष्टाहरूलाई लाभ (Royalty) प्राप्त हुने वातावरण तयार गर्न चेतनाबृद्धिका कार्यक्रमहरू महत्वपूर्ण हुने परिप्रेक्ष्यमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको सक्रियतामा प्रतिलिपि अधिकार बुलेटिन (Copyright Bulletin) प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस बुलेटिनले गैर सरकारी क्षेत्रलाई समेत समेटेर प्रतिलिपि अधिकारका विषयमा सबैलाई सुसूचित गर्न र सिर्जनालाई प्रोत्साहन गर्दै समृद्ध समाजको विकास गर्न अहं भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा यस बुलेटिन प्रकाशनबाट लिइएको उद्देश्य प्राप्तिका लागि शुभकामना व्यक्त गर्दछु।

(माधव प्रसाद घिमिरे)
सचिव
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय



Ram Prasad Bhattarai
Registrar

# सम्पादकीय

विज्ञान प्रविधि र सञ्चारका क्षेत्रमा अकल्पनीय विकासका कारण आज विश्व सांघुरिएर सानो गाउँ बन्न पुगेको छ र नयाँ खोज, आविष्कार, अध्ययन तथा सिर्जनाका क्षेत्रमा विशाल उपलब्धिहरू हासिल भएका छन्। सिर्जना तथा आविष्कारहरू लामो र गहन अध्ययन, त्याग र लगानीबाट मात्र सम्भव हुन्छन् र मानव मष्तिष्कबाट सिर्जित त्यस्ता सिर्जनाले आ-आफ्नो वर्चस्व कायम गर्न प्रतिस्पर्धामा उत्रिएका छन्। यस्ता सिर्जनाबाटै विश्वमा विभिन्न देशहरूले आफूलाई अगाडि बढाई शक्तिशाली बन्न सकेका दृष्टान्त हाम्रा सामु प्रष्टै छन्।

बृहत अध्ययन, ठूलो लगानी र विशाल बौद्धिक अभ्यास स्वरूप सिर्जित सिर्जनामा संरक्षण दिनु पर्ने, सिर्जनाको प्रयोग वापत लाभ प्राप्त हुने वातावरण तयार गर्नु पर्ने तथा विश्वका हरेक क्षेत्रका स्रष्टालाई सिर्जनामा प्रोत्साहन दिन संयुक्त राष्ट्र संघको विशेष Agency को रूपमा स्थापित विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) ले गहन भूमिका खेलिरहेको छ।

बौद्धिक सम्पत्तिको संरक्षणका लागि नेपालले उद्योग र प्रतिलिपि अधिकार दुबै क्षेत्रमा राष्ट्रिय कानून निर्माण गरेको छ र खास गरी प्रतिलिपि अधिकारको संरक्षणका लागि २०५९ मा बनेको ऐनले अन्तर्राष्ट्रिय संरक्षण पद्धतिका सिद्धान्तहरू सिर्जनाको स्वतः संरक्षण, अरुदेशका सिर्जनाको संरक्षणमा राष्ट्रिय व्यवहार तथा न्यूनतम संरक्षण अवधि जस्ता महत्वपूर्ण विषयमा प्रत्याभूति दिएको छ।

ऐनले अन्तर्राष्ट्रिय संरक्षण पद्धतिका सिद्धान्तहरू सिर्जनाको स्वतः संरक्षण, अरुदेशका सिर्जनाको संरक्षणमा राष्ट्रिय व्यवहार तथा न्यूनतम संरक्षण अवधि जस्ता महत्वपूर्ण विषयमा प्रत्याभूति दिएको छ।

त्यसै गरी नेपाल WIPO, WTO, Berne Union, TRIPS Agreement को सदस्य रहिसकेको र अन्तर्राष्ट्रियस्तरमा जनाएको प्रतिबद्धताले पनि नेपाल बौद्धिक सम्पत्तिको संरक्षणका लागि कानूनी एवं प्रकृयागत व्यवस्थाबाट तम्तयार रहनु पर्ने अवस्था छ।

त्यसो त ऐन, नियमको व्यवस्था र कार्यालय स्थापना भएर पनि सिर्जनाको नक्कली उत्पादन गरी प्रयोग हुने जस्ता कृयाकलापले स्रष्टाहरू ठगिएको तथा लगानी डुवेको गुनासा र वास्तविकता थुप्रै छन्। यसो हुनुमा सम्बन्धित स्रष्टा तथा सरोकारवालाहरू सचेत नहुनु एउटा पक्ष छ भने अर्को प्रमुख पक्ष यस क्षेत्रका जानकार व्यक्तिहरू नै सिर्जनाको नक्कली उत्पादनतर्फ लाग्ने गरेको, अनुमति नलिई वा लिएपनि शर्त भन्दा बाहिर गएर सिर्जनाको प्रयोग गर्ने गरेको, सिर्जनाको प्रयोग गर्नेले सम्झौता नगरी मनमौजी प्रयोग गर्ने गरेको तथा अवैध कारोबार गर्ने पक्ष प्रमाणित हुँदा पनि विभिन्न वहानामा कानूनी प्रकृया अघि नबढ्ने र वदमासीले प्रोत्साहन पाउने अवस्था विद्यमान छ।

प्रतिलिपि अधिकार संरक्षणले श्रष्टालाई लाभ प्राप्त हुने त छँदै छ, त्यस अतिरिक्त लगानीकर्ता एवं व्यवसायी समेत आफ्नो लगानी प्रति सुनिश्चित बन्ने वातावरण भई संरक्षण कार्य प्रभावकारी हुने हुँदा असल कार्य गर्ने जो सुकै लाभान्वित हुन सक्छन्। यी सम्पूर्ण विषयमा उजागर गर्दै प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार बारे स्रष्टा, प्रयोगकर्ता लगायत सरोकारवालाहरू समक्ष प्रतिलिपि अधिकारको प्रयोग र हस्तान्तरण सम्बन्धी जानकारी प्रवाह गराई सिर्जनामा प्रभावकारी संरक्षणको लागि थप चेतनामूलक कृयाकलाप सञ्चालन गर्न जरुरी भएको हो र प्रस्तुत बुलेटिन त्यसैको उपज हो भन्ने हाम्रो ठम्याई छ।

नेपाली तथा अंग्रेजी दुबै भाषामा राखिने सामग्रीले स्वदेशी तथा विदेशी सबै किसिमका पाठकहरूलाई सहज हुने आशा राखिएको छ। साथै बुलेटिनमा समाविष्ट सामग्रीले विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई समेत सहयोग पुऱ्याउने छ भन्ने विश्वासका साथ यो प्रथम अंक तपाई पाठक समक्ष समर्पण गर्दछौं।

बुलेटिनमा राखिने सामग्रीको स्तर, भाषा लगायत विषयमा हामीलाई सदैब सचेत गराईदिनु हुने नै छ भन्ने आशा गर्दछौं।

# News and Events:

## 20 Years of Protection Agreed by WIPO.

- The meeting of the fifteenth session of the Standing Committee on Copyright and Related Rights took place at the headquarter of the World Intellectual Property Organization (WIPO), Geneva from 11 – 13 September, 2006. Mr. Ram Prasad Bhattarai, Registrar of the Nepal Copyright Registrar's Office participated the meeting which was confined to the protection of traditional broadcasting organizations. The meeting made an understanding to fix the 20 years protection period for the broadcasting organizations computed from the end of the year in which broadcast took place. The meeting also agreed to convene a diplomatic conference next year to conclude the WIPO Treaty on the Protection of Broadcasting Organizations. Updating the IP rights of broadcasters, currently provided by the 1961 Rome Convention on the Protection of Performers, Producers of Phonograms and Broadcasting Organizations began at WIPO in 1997. A growing signal piracy problem in many parts of the world, including piracy of digitized pre-broadcast signals, has made this need more acute.

## Inauguration of Music School

- Renowned writer and Senior Culturist Mr. Satya Mohan Joshi and Norwegian Ambassador to Nepal His Excellency Mr. Tore Toreng jointly inaugurated the newly constructed building of Nepal Sangeet Vidhyalaya (Nepal Music School) amid a function accompanied by the musical program, held in the school premises at Pingalamarg on October 10, 2006. Apart from the music education, some of the other objectives of the school include the research, documentation, preservation and dissemination of traditional Nepalese music and dance. The school has been technically supported by Rikikomertene – a Norwegian Concert Institute.

## NFPA Attempts to Join IFFPA:

- Nepal Film Producers Association (NFPA) is in the process of joining the International Federation of Film Producers Associations (IFFPA). The NFPA has already sent the application form of membership to the IFFPA and is waiting for the response.

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना प्रयास : संक्षिप्त झलक

> २०६०।१२।२६ को मन्त्रिपरिषद्को निर्णयानुसार मन्त्रालयमा रहेको संस्कृति तथा कपिराइट शाखा खारेज गरी विभागस्तरीय कार्यालयको रूपमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको विधिवत स्थापना भयो ।

बौद्धिक सम्पत्ति संरक्षणका मुख्य पाटा प्रतिलिपि अधिकार र औद्योगिक सम्पत्ति अधिकारका क्षेत्रमा २०२२ सालमा छुट्टा छुट्टै कानून तर्जुमा भएपनि औद्योगिक क्षेत्रतर्फ उद्योग विभागले काम गर्न थाल्यो भने प्रतिलिपि अधिकारको क्षेत्र ओझेलमा पऱ्यो । फलस्वरूप यो विषय हेर्ने कुनै स्थायी निकायको व्यवस्था नभई कहिले शिक्षा, कहिले खेलकूद हुँदै हाल संस्कृति, पर्यटनसंग जोडिएको छ ।

प्रतिलिपि अधिकार संरक्षणमा विश्वव्यापी प्रयासहरू झाँगिंदै गएका र नेपाल TRIPS Agreement मा प्रवेश तथा WTO को सदस्यता लिने सन्दर्भका साथै हाम्रा स्रष्टाहरूमा बढ्दै गएको चासोका कारण प्रतिलिपि अधिकार क्षेत्र उठ्न थाल्यो ।

२०२२ सालको ऐनले विज्ञान प्रविधि, सञ्चार लगायतका क्षेत्रमा भएका विकसित अवस्थालाई समेट्न सक्ने अवस्था थिएन नै । त्यसै गरी नेपाल विश्वव्यापी संरक्षणको पक्षधर रहेको कारण पनि तद्नुरूपको राष्ट्रिय कानून निर्माण र संस्थागत विकास जरुरी हुन गयो । यी सम्पूर्ण कारणबाट राज्यले दायित्वबोधको महसूस गऱ्यो र स्रष्टा, गैर सरकारी क्षेत्र, WIPO, CISAC लगायतका प्रयास स्वरूप २०५९।४।३० मा नयाँ ऐन लागू भयो । तर यस सम्बन्धी चासो नदिने पुरानै प्रबृत्तिले पुनः ओझेलमा पर्न सक्ने जोखिमपूर्ण अवस्था देखियो । २०६० साल मध्यतिर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका जागरुक कर्मचारीहरूको समूहले यसतर्फ ध्यान दियो र मन्त्रालय तथा मन्त्रिपरिषद्को निर्देशनमा नयाँ नियम बनाउने तथा छुट्टै कार्यालय स्थापना गर्ने कार्यमा पहल गऱ्यो । फलस्वरूप २०६०।१२।२६ को मन्त्रिपरिषद्को निर्णयानुसार मन्त्रालयमा रहेको संस्कृति तथा कपिराइट शाखा खारेज गरी विभागस्तरीय कार्यालयको रूपमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको विधिवत स्थापना भयो ।

निम्न उद्देश्य पूर्ति गर्न प्रतिलिपि अधिकार स्थापना गरिएको हो :-

(क) प्रतिलिपि अधिकार संरक्षणमा सघाउ पुऱ्याउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ख) प्रतिलिपि अधिकारको दर्ता गर्ने, प्रमाणपत्र प्रदान गर्ने र विवरण अद्यावधिक गर्ने,

(ग) रोयल्टी संकलन संस्थाको अनुगमन, निरीक्षण गर्ने र संस्थाका कृयाकलाप सुधार गर्न प्रोत्साहन गर्ने,

(घ) रोयल्टी संकलन संस्था मार्फत रोयल्टी निर्धारण, संकलन र वितरण गराई स्रष्टालाई लाभ पुऱ्याउने र वितरणमा अनियमितता भई मर्का परेमा त्यस उपर उजूरी सुनी अर्धन्यायिक उपचार दिने ।

कार्यालयका लागि अत्यावश्यक भौतिक साधनहरू मन्त्रालय, विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) र विश्व व्यापार संगठन (WTO) बाट प्राप्त भएका थिए । कार्यालय स्थापना पश्चात् कार्यालयले थप जागरुकता लिएको र मन्त्रालय तथा तत्कालीन मन्त्रिपरिषद्को समयानुकूल पहल, निर्देशन तथा निर्णयका कारण २०६१।४।१८ मा प्रतिलिपि अधिकार नियमावली २०६१ स्वीकृत भयो । यसरी कानूनी र संस्थागत व्यवस्थाबाट नवस्थापित कार्यालयले पूर्णता पायो भने कार्यालयका हरेक कृयाकलापहरूमा मन्त्रालयको सुनिर्देशन, चासो तथा सबै सरोकारवालाको जागरुकताले प्रतिलिपि अधिकार संरक्षणका कृयाकलाप सञ्चालनमा कार्यालयलाई थप हौसला प्राप्त हुँदै आएको छ ।

# Q-A Column

**Q. What is Copyright?**

Copyright is an exclusive right provided by the law to the creators of the works on their original and intellectual creations.

**Q. What are the works covered by Copyright?**

The works covered by copyright are:

**1. Literary works –**

Non-reference works - novels, stories, plays (dramas), dialogues, poems, songs, thesis, letters, speeches, lectures, sermons etc.

Reference works – encyclopedias, dictionaries, textbooks, essays, biographies, histories, pamphlets, articles, reports, memoranda, treaties, advertisements, plans, choreography, tables and compilations etc.

**2. Artistic works** – paintings, drawings, photographs, graphic designs, sculptures, woodcarving, engravings, lithography, architecture etc.

**3. Musical works** – musical compositions, musical notations with or without words

**4. Sound recordings**

**5. Audio Visual works** – motion pictures, silent movies,

**6. Computer programs**

**Q. What are the types of rights that Copyright provides?**

Copyright provides two types of rights:

**Economic Rights:** These rights allow the owner to derive financial rewards from the use and exploitation of the work.

**Moral Rights:** These rights are exclusive in nature and highlight the personal link existing between the creator and the work.

**Q. What are the economic rights covered by Copyright?**

The creators of a work, under economic rights, can use their work as they want. Especially, they can authorize or prohibit the following acts in relation to a work:

**Reproduction** of the work in various forms, such as in a printed publication or by recording the work in cassettes, compact disks or videodiscs, or by storing it in computer memories.

**Translation** into other languages.

**Sale, distribution, exhibition or renting** of the original or copy of the work.

**Import** of the copies of the work.

**Public performance** by performing a play on stage or music during a concert.

**Broadcasting and communication to public**, by radio or T.V, cable or satellite.

**Adaptation**, for instance by converting a novel or a play into a screenplay for a film.

**Q. What are the moral rights covered by Copyright ?**

Following rights are included under the moral right :

The right to have **authorship** recognized on the work. That is basically the **right of the creator to have his or her name mentioned** as the author, in particular when the work is used.

The **right to mention a pseudonym** in his or her work, in particular when the work is used.

The **right to integrity** of the work that is the right to object to the work being modified, or being used in contexts that may cause harm to the reputation or honor of the author.

**Revision or amendment** of the work with necessary arrangements of transformations.

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट आ.व. २०६२/६३ सम्ममा भएका प्रमुख क्रियाकलापहरूको संक्षिप्त जानकारी

(क) सन्धि सम्झौतामा सम्मिलन :

यस कार्यालयको प्रयास स्वरुप नेपाल साहित्यिक तथा कलात्मक रचनाहरूको संरक्षण गर्ने वर्न महासन्धि (Berne Convention for the Protection of Literary & Artistic Works) मा सम्मिलन भएको र यो महासन्धि जनवरी ११, २००६ देखि नेपालको सन्दर्भमा लागू भइसकेको ।

(ख) सिर्जना दर्ता र प्रमाणपत्र प्रदान :

कार्यालय स्थापना (२०६१।४।१८ मा) भएदेखि (२०६३।६।३१) सम्म यस कार्यालयमा साहित्य लेखन २२४, ध्वनिअंकन २९, कम्प्युटर सफ्टवेयर ७, प्रस्तुति २, फोटोजन्य रचना १३, शोधपत्र ३, प्रकाशन १ आर्ट/पेन्टिङ्ग २७, आर्किटेक्ट डिजाइन २ र अनुवाद ५ गरी कूल ३१३ रचनाहरूको दर्ता गरी सम्बन्धित रचनाकारहरूलाई प्रमाण पत्र वितरण गरिएको,

दर्ताका लागि कार्यालयमा प्राप्त रचनाहरूका अतिरिक्त विभिन्न समयमा उपत्यका बाहिर झापा, पोखरा र वुटवलमा मुकाम खडा गरी स्थानीयस्तरमा नै रचना दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको ।

(ग) अध्ययन/अनुसन्धान :

रोयल्टी संकलन संस्थाको विधा निर्धारण, संस्था गठन गर्दा आइपर्ने सम्भावित चुनौती तथा विधागत संस्थाको प्रस्तावित मोडेल सम्बन्धमा अध्ययन (फागुन, २०६१), प्राप्त सुझावका आधारमा गीत संगीतका क्षेत्रमा रोयल्टी संकलन संस्था स्थापना गर्ने पहल भैरहेको,

बर्न महासन्धिमा सम्मिलित हुँदा नेपाललाई प्राप्त हुने सम्भावित फाइदा, त्यसका असरहरू तथा निर्वाह गर्नु पर्ने दायित्वका सम्बन्धमा अध्ययन (फागुन, २०६१), सुझावका आधारमा सम्मिलन कार्य सम्पन्न,

प्रतिलिपि अधिकार सम्बन्धी कृयाकलापलाई TRIPS Agreement का व्यवस्थासंग आवद्ध गरी WTO र प्रतिलिपि अधिकारका काममा समन्वय ल्याउन अध्ययन छलफल (असार, २०६२),

बर्न महासन्धिमा प्रवेश पश्चात निर्वाह गर्नु पर्ने दायित्व र भूमिका तथा प्रतिलिपि अधिकार कानूनमा गर्नु पर्ने सुधार सम्बन्धी उच्चस्तरीय छलफल (फागुन, २०६२),

रोम महासन्धिमा सम्मिलित हुँदा नेपाललाई प्राप्त हुने सम्भावित फाइदा, त्यसका असरहरू तथा निर्वाह गर्नु पर्ने दायित्वका विषयमा अध्ययन भइरहेको,

विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) द्वारा प्रस्तावित प्रसारण संस्थाहरूको अधिकार संरक्षण गर्ने Broadcasting Treaty का बारेमा प्रसारण संस्थाहरू बीच समन्वय गरी अध्ययन भइरहेको ।

(घ) जनचेतना :

पर्चा/पम्प्लेट/ब्रोसियर लगायत ऐन, नियमको प्रकाशन र वितरण :

प्रतिलिपि अधिकारको परिचय, र अधिकारहरूका किसिम, संरक्षणको अवधि, उल्लंघनमा हुने सजाय, अधिकार संरक्षणको महत्व, संरक्षणका लागि ध्यान दिनु पर्ने विषय लगायत चेतनामूलक जानकारीहरू समेटिएका पर्चा, पम्प्लेट र ब्रोसियरहरू प्रकाशन गरी विभिन्न अवसरहरूमा र कार्यालयबाट समेत निःशुल्क वितरण गर्ने गरिएको,

प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ को अंग्रेजीमा अनुवाद गरी संयुक्त रुपमा नेपाली र अंग्रेजी भाषामा प्रकाशन र निःशुल्क वितरण गर्ने गरिएको,

नेपाली भाषामा अनुवादित TRIPS Agreement, Rome Convention, Berne Convention, WPPT, WCT आदि सम्झौताका प्रकाशनहरू निःशुल्क वितरण गर्ने गरिएको ।

जानकारीमूलक सूचना प्रकाशन :

प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोग, हस्तान्तरण तथा संरक्षणमा अपनाउनु पर्ने सतर्कताका विषयमा सार्वजनिक पत्रिका मार्फत सूचना प्रकाशन तथा रेडियोबाट अन्तरवार्ता/कार्यक्रम प्रसारण गरी सूचना प्रवाह गर्ने गरिएको ।

गोष्ठी/सेमिनार/छलफल आयोजना :

नेपालमा प्रतिलिपि अधिकार संरक्षण सम्बन्धी कानूनको कार्यान्वयन पक्ष र चुनौती विषयमा चेतना अभिबृद्धि गर्न काठमाडौं, पोखरा, विराटनगर, झापा, वुटवल आदि क्षेत्रमा गोष्ठी सञ्चालन,

प्रतिलिपि अधिकारको संरक्षणमा सञ्चार क्षेत्रको भूमिका विषयमा विभिन्न छलफल तथा गोष्ठी सम्पन्न,

सिर्जनशीलताको विकासमा लेखन, प्रकाशनको महत्व र प्रतिलिपि अधिकार कानून विषयमा गोष्ठी सञ्चालन गरी लेखक/प्रकाशकका अधिकार संरक्षण र सिर्जनामा प्रोत्साहन गरिएको,

दिवस :

विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवसका अवसरमा पुस्तकको महत्व, प्रकाशकको भूमिका र सिर्जनाको संरक्षण लगायतका विषयमा लेखक, प्रकाशक, पाठक एवं व्यवसायी समेतको सहभागितामा छलफल गरी विचार आदान प्रदान गर्ने गरिएको ।

तालीममा समावेश :

सरकारी कर्मचारीहरूमा प्रतिलिपि अधिकार सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिने उद्देश्यले यस कार्यालयको सक्रियता र समन्वयमा न्याय सेवा तालीम केन्द्रका तालीम कार्यक्रमहरूमा प्रतिलिपि अधिकार सम्बन्धी विषयवस्तु समेत समावेश गरिएको र प्रहरी तालीम केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायतबाट दिइने तालीममा समेत सो विषय समावेश गर्न पहल भएको ।

(ङ) सहयोग र समन्वय :

प्रतिलिपि अधिकार सम्बन्धी कानूनको कार्यान्वयनमा संलग्न अदालत, सरकारी वकिल, नेपाल प्रहरी, सर्वोच्च अदालत, भन्सार कार्यालयहरू बीच प्रतिलिपि अधिकार ऐन तथा नियमको कार्यान्वयन सम्बन्धमा आपसी सम्पर्क, सूचना आदान प्रदान र सहयोग अभिवृद्धि गर्न ती कार्यालयहरूका कर्मचारीहरूको संलग्नतामा चौमासिक रूपमा समन्वयात्मक छलफलहरू आयोजना गर्ने गरिएको ।

रोयल्टी संकलन समाज स्थापना सम्बन्धमा :

रोयल्टी संकलन संस्थाको गठन, संभावना र चुनौती;संस्थाको प्रारुप, संस्थाको गठनमा समेटिन सक्ने विषय लगायतका विषयमा गीत संगीत र अन्य सम्बद्ध क्षेत्रका स्रष्टा, प्रयोगकर्ता तथा सरोकारवालाहरूको सहभागितामा विभिन्न छलफल/गोष्ठी /सेमिनार सम्पन्न, प्राप्त सुझावका आधारमा संस्था गठनको तयारी,

प्रतिलिपि अधिकारयुक्त सामग्रीको नक्कली प्रयोगलाई नियन्त्रण गर्न संगीत उद्योग संघको पहलमा नेपाल प्रहरीद्वारा गरिएका नियन्त्रणात्मक कार्यहरूमा समन्वय गरी कानूनी कारवाहीलाई प्रभावकारी बनाउने गरिएको ।

आर्थिक अनुदान :

प्रतिलिपि अधिकारको संरक्षणका निमित्त गैर सरकारी क्षेत्रमा कार्यरत प्रतिलिपि अधिकार संरक्षण समाजलाई पटके अनुदान उपलब्ध

बाँकी पृष्ठ ५ मा

पृष्ठ ४ को बाँकी अंश

गराई स्रष्टाहरूलाई जागरुक गराउन र रोयल्टी संकलन संस्था स्थापना गराउन प्रोत्साहन गरिएको ।

विवाद समाधान :

सिर्जनाको प्रयोग एवं लाभ वितरणका सम्बन्धमा स्रष्टा र प्रयोगकर्ताहरू बीच देखा पर्ने विविध प्रकारका विवादहरूमा मध्यस्थता गरी विवाद निरुपणमा समन्वयात्मक र सहयोगात्मक भूमिका निभाउँदै अधिकारधनीहरूले लाभ प्राप्त गर्ने वातावरण सिर्जना गरिएको ।

अध्ययन सामाग्री वितरण :

विभिन्न विश्वविद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू एवं स्वतन्त्र अध्ययन/अनुसन्धानकर्ताहरूलाई बौद्धिक सम्पत्ति तथा प्रतिलिपि अधिकार सम्बन्धी विभिन्न सामग्रीहरू उपलब्ध गराई सहयोग गर्ने गरेको ।

(च) बजार अनुगमन :

प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोग सम्बन्धी बजार अनुगमनको सन्दर्भमा विवरण संकलन गर्न विधागत प्रश्नावलीको विकास गरी उपत्यका लगायत मुलुकका १५ मुख्य शहरहरूमा प्रश्नावलीको आधारमा अनुगमन र अधिकारको प्रभावकारी कार्यान्वयनका निमित्त आवश्यक कारवाही गरिएको ।

(छ) संस्थागत विकास :

भौतिक सुधार :

नयाँ कार्यालय स्थापना हुँदा आवश्यक पर्ने कम्प्युटर, फ्याक्स, फोटोकपी मेशिन लगायत आवश्यक फर्निचर, सवारी साधन आदिको व्यवस्था गरिएको,

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको कार्यविधि २०६१ प्रकाशन र लागू,

कार्यालयको आफ्नो वेभसाइटको निर्माण र वेवसाइट मार्फत कार्यालयका कृयाकलाप, ऐन नियम, सिर्जना दर्ता विवरण लगायतका सूचना प्रवाह गरिएको,

डाटावेस सफ्टवेयर तयार गरी अधिकार संरक्षणका लागि दर्ता भएका रचना/सिर्जनालाई विधा, विषय, रचयिता, नाम आदिबाट खोज्न सकिने गरी वेवसाइट मार्फत प्रवाह गरिएको,

दर्ता भएका सिर्जना संकलन तथा खरीद गरिएका पुस्तकहरूबाट Documentation Center स्थापना गरी अध्ययन अनुसन्धान केन्द्रको रूपमा विकसित गर्न पुस्तकालयको शुरुवात, सर्वसाधारण समेतलाई अध्ययन सुविधा उपलब्ध गराइएको, ध्वनिअंकन र चलचित्रजन्य सामग्रीको परीक्षणका लागि MP3, VCR, Television लगायतका सामग्री विश्व व्यापार संगठन (WTO) बाट प्राप्त भई प्रयोगमा ल्याइएको,

प्रतिलिपि अधिकार संरक्षणका लागि प्राप्त सिर्जना (रचना/ध्वनिअंकन/प्रस्तुति/प्रसारण आदि) दर्ता गर्न विस्तृत विवरण सहितको दर्ता किताव खडा गरी दर्ता प्रकृया व्यवस्थित गरिएको ।

जनशक्ति विकास :

प्रतिलिपि अधिकार कानूनको कार्यान्वयन पक्ष र चुनौती विषयक धुलिखेलमा २ दिने आवासीय तालीम सम्पन्न, कानून कार्यान्वयन गर्ने निकायका कर्मचारी समावेश (कार्तिक, २०६२),

कार्यालयका कर्मचारीहरूलाई अंग्रजी भाषा तथा कम्प्युटर सम्बन्धी सामान्य र उच्च स्तरको तालीम प्रदान गरिएको,

विभिन्न निकायहरूद्वारा सञ्चालित तालीम कार्यक्रममा प्रतिलिपि अधिकार सम्बन्धी विषयमा कार्यालयबाट प्रशिक्षण दिने गरिएको ।

## प्रश्नोत्तर स्तम्भ

**Q. प्रतिलिपि अधिकार भनेको के हो ?**

कुनै पनि सिर्जनाका सर्जकलाई उसको मौलिक एवं बौद्धिक सिर्जनामा कानूनद्वारा प्रदान गरिने एकलौटी अधिकारलाई नै प्रतिलिपि अधिकार भनिन्छ ।

**Q. प्रतिलिपि अधिकारले समेट्ने सिर्जनाहरु के के हुन् ?**

प्रतिलिपि अधिकारले समेट्ने सिर्जनाहरुमा :

**(क) साहित्यिक सिर्जना –**

साभार नगरिएका सिर्जनाहरु – उपन्यास, कथा, पटकथा, नाटक, संवाद, कविता, गीत, शोधग्रन्थ, चिठ्ठी, भाषण एवं सम्बोधन, अध्यापनका विषय, प्रवचन, आदि ।

साभार गरिएका सिर्जनाहरु – विश्वकोष, शव्दकोष, पाठ्यपुस्तक, निबन्ध, जीवनी, इतिहास, पर्चा-पम्प्लेट, लेख, प्रतिवेदन, ज्ञापनपत्र, सन्धि-सम्झौता, विज्ञापन, योजना, कोरियोग्राफी, तालिका तथा संयोजन आदि ।

**(ख) कलात्मक सिर्जना** :

पेन्टिङ, चित्र, फोटोग्राफ, ग्राफिक डिजाइन, मूर्तिकला, काष्ठकला, इन्ग्रेभिङ्ग, लिथोग्राफी, आर्किटेक्चर आदि ।

**(ग) साँगीतिक सिर्जना** :

संगीतको कम्पोज, शव्द सहित वा शव्द रहित संगीतका नोटेशनहरु आदि ।

**(घ) ध्वनिअंकन** :

**(ङ) श्रव्यदृश्य सिर्जना** :

चलचित्रहरु, मुकचित्रहरु आदि ।

**(च) कम्प्युटर कार्यक्रमहरु**

**Q. प्रतिलिपि अधिकारले प्रदान गर्ने अधिकारहरु के के हुन् ?**

प्रतिलिपि अधिकारले दुई प्रकारका अधिकारहरु प्रदान गर्दछ ।

**क) आर्थिक अधिकार** : यी अधिकारहरुले अधिकार धनीलाई आफ्नो सिर्जनाको प्रयोगबाट आर्थिक लाभहरु प्राप्त गर्ने अवसर प्रदान गर्दछ ।

**ख) नैतिक अधिकार** : यी अधिकारहरु व्यक्तिगत प्रकारका अधिकारहरु हुन् जसले सर्जक र उसको सिर्जना बीच रहेका विद्यमान व्यक्तिगत सम्बन्धलाई स्पष्ट पार्दछ ।

**Q. प्रतिलिपि अधिकारले समेट्ने आर्थिक अधिकारहरु के के हुन् ?**

आर्थिक अधिकार अन्तरगत सर्जकले आफ्ना सिर्जनाहरुको प्रयोग आफूले चाहेजस्तो गरी गर्न पाउँछन् । विषेशतः सर्जकले आफ्ना सिर्जनासंग सम्बन्धित विषयमा निम्नानुसार गर्न लगाउन वा निषेध गर्न पाउँछन् ।

विभिन्न स्वरुपमा आफ्ना सिर्जनाको **पुनरुत्पादन** गर्न । जस्तै : छापा माध्यममा प्रकाशन वा क्यासेट, सि.डि मा रिर्कडिङ वा कम्प्युटरमा भण्डारण गर्न ।

अरु भाषाहरुमा **अनुवाद** गर्न ।

आफ्ना सिर्जनाको सक्कली प्रति वा प्रतिलिपिको **विक्रि वितरण** गर्न, **प्रर्दशनी**मा राख्न, वा **भाडामा** दिन ।

आफ्ना सिर्जनाका प्रतिलिपिहरु **आयात** गर्न ।

आफ्ना सिर्जनाको **सार्वजनिक प्रस्तुति** गर्न । जस्तैः रंगमञ्चमा नाटक मन्चन गर्न वा कन्सर्टका गीत प्रस्तुत गर्न ।

रेडियो वा टेलिभिजन, केबुल वा भूउपग्रहबाट आफनो सिर्जनाको **प्रसारण** गर्न र **सार्वजनिक सञ्चार** गर्न ।

आफ्नो सिर्जनालाई उपन्यास, नाटक वा चलचित्रमा **संयोजन** गर्न ।

**Q. प्रतिलिपि अधिकारले समेट्ने नैतिक अधिकारहरु के के हुन् ?**

नैतिक अधिकार अन्तरगत निम्नानुसारका अधिकारहरु पर्दछन् ।

आफनो सिर्जनाबाट आफूलाई परिचित गराउने । आफ्नो सिर्जनामा वा विषेशतः आफ्नो **सिर्जनाको प्रयोग हुँदा** आफ्नो नाम र **उपनाम उल्लेख गर्ने** ।

**अखण्डताको अधिकार** अर्थात आफ्नो सिर्जनामा कुनै परिमार्जन गरिएमा वा आफ्नो प्रतिष्ठा वा सम्मानमा कुनै नोक्सानी हुने गरी सिर्जनाको प्रयोग भएमा त्यसलाई रोक्ने ।

आफ्नो सिर्जनाको **परिमार्जन वा संशोधन** सहित सिर्जनामा अन्य रुपान्तरण गर्ने ।

# लेख/रचना : प्रतिलिपि अधिकारको प्रयोग, सिर्जना र लाभका संभावना

मुलुकी ऐनबाट लेखकलाई मात्र प्रतिलिपि अधिकार धनी मानी लेख/रचनाको प्रयोग अनुमतिबाट हुनुपर्ने र त्यसवापत लेखकले लाभ प्राप्त गर्ने प्रसंगबाट नेपालमा प्रतिलिपि अधिकारको प्रयोग शुरू भएकोमा २०२२ सालमा छुट्टै प्रतिलिपि अधिकार ऐन आएपछि राज्यले यस विषयमा चासो दिएको पुष्टि त भयो तर ऐनका प्रावधानहरू मध्ये रचना र ध्वनिअंकन (पुस्तक र श्रव्य क्यासेट) दर्ता गरी प्रमाणपत्र दिने बाहेक अरू क्रियाकलाप हुन सकेनन् । त्यसको एकमात्र प्रमुख कारण नियम नबनाइनुनै थियो । त्यसो त यो विषय हेर्ने छुट्टै जिम्मेवार निकाय नहुनु र स्रष्टाहरू नै संरक्षणप्रति उदासीन रहनु पनि अर्को कारक रहयो। २४ वर्ष पछि २०४६ सालमा नियम त आयो तर समयले निकै फट्को मारिसकेको अवस्थामा नयाँ परिवेशलाई २०२२ को ऐन र २०४६ को नियमले थाम्न सक्ने अवस्था रहेन ।

विज्ञान-प्रविधि, सञ्चार, उद्योग, पुस्तक लेखन, सामाजिक संरचना लगायतका क्षेत्रमा विश्वमा देखिएको अकल्पनीय परिवर्तन, TRIPS Agreement मा संलग्नता र विश्व व्यापार संगठन (WTO) मा प्रवेशको विश्वव्यापी लहरले नेपाललाई पनि सहयात्री बनाउन खोज्यो ।

सिर्जनाकै कारण उन्नतिको शिखरमा पुगेका राष्ट्रहरूमा प्रतिलिपि अधिकारको संरक्षण सम्मानजनक कार्य हुन्छ र यसप्रति सम्पूर्ण सम्यन्त्र क्रियाशील हुने गर्दछ । नेपाल WTO मा प्रवेशका सन्दर्भमा प्रतिलिपि अधिकार संरक्षणका विषय आकर्षित हुन थाले । नेपाली स्रष्टा/लेखकका सिर्जनाले बजारमा स्थान लिन थालेको, नेपाली गीत-संगीतको क्षेत्रले व्यावसायिकता लिएको, नेपाली सिने जगत उठ्न थालेको आदि सन्दर्भमा नेपाली स्रष्टा एवं उद्यमीलाई स्वदेश र विदेशमा समेत सिर्जनाको प्रभावकारी संरक्षण हुनुपर्ने आवश्यकता महसूस हुँदा तदनुरुप कानून तर्जुमा गरियो र अन्ततः २०५९ सालमा २०२२ को ऐन प्रतिस्थापन गरी संसदबाट नयाँ ऐन पारित भयो ।

यो नयाँ ऐनमा खासगरी अनिवार्य दर्ता प्रणाली हटाई स्वेच्छिक दर्ता र सिर्जनामा स्वतः संरक्षण, नेपाली सिर्जनामा दिएको संरक्षण अरू देशका रचनामा पनि दिइने राष्ट्रिय व्यवहार (National Treatment) र सिर्जनामा अन्तर्राष्ट्रिय स्तरकै न्यूनतम अवधिको संरक्षण रहनुपर्ने प्रमुख तीन सिद्धान्तलाई अँगालिएको छ ।

यी तीन प्रमुख सिद्धान्तहरू अपनाइनुमा नेपाल Agreement on Trade Related Aspects of Intellectual Property Rights (TRIPS) मा प्रवेश, TRIPS सम्झौतामा साहित्यिक तथा कलात्मक रचनाहरूको संरक्षण गर्ने अन्तर्राष्ट्रिय वर्न महासन्धि( Berne) का अधिकांश र प्रमुख प्रावधान समेटिनु र वर्न र TRIPS मा उपर्युक्त सिद्धान्तहरू समावेश हुनु नै प्रमुख कारक हुन् । यी तीन सिद्धान्त मध्ये स्वतः संरक्षण र न्यूनतम संरक्षण अवधि भन्दा पनि विदेशी सिर्जनमा राष्ट्रिय व्यवहार गर्नुपर्ने प्रावधानले हामीलाई बढी कठिनाई पर्ने सक्ने देखिन्छ । किनकि नेपालका विश्व विद्यालयहरूले प्रयोगमा ल्याउने पाठ्यपुस्तक, विज्ञान-प्रविधि र व्यवसायको क्षेत्रमा प्रयोग भैरहेको कम्प्युटर सफ्टवेयर, नेपाली बजारमा देखाइने चलचित्र लगायतका प्रमुख क्षेत्रमा नेपालले धेरै रकम तिर्नुपर्ने हुन्छ नै । तथापि विश्व बजार प्रवेश गर्दा यी शर्त मान्नु बाहेक अरू विकल्प छैन। यस अवस्थामा हामी सदैव अरूका सिर्जना प्रयोग गर्ने वातावरणबाट मुक्त भई आफ्ना सिर्जना प्रवर्द्धनमा लाग्ने र हाम्रा सिर्जना अरू देशमा विक्री गर्ने अवस्था ल्याउन यस चुनौतीले घचघच्याएको छ । नेपाली स्रष्टाहरूले स्तरीय र मौलिक रचनाको सिर्जना गर्न सकेमा यस प्रावधानबाट हामी पनि लाभान्वित हुन सक्छौं । गीत संगीतको क्षेत्रमा देखिएको व्यावसायिकताले नेपाली अडियो भिडियोको विदेशमा समेत प्रयोग भएको र नेपाली प्रस्तुति कलाले विदेशमा समेत राम्रो स्थान लिई राम्रो आर्जन गरेको कारण National Treatment बाट फाइदा लिन सक्ने अवस्थामा हामी पनि रहेको तथ्य पुष्टि हुन्छ ।

प्रतिलिपि अधिकार ऐन, २०५९ मा विभिन्न सिर्जनामा विभिन्न संरक्षण अवधि किटान गरिएको छ । यस अन्तर्गत रचनामा रचयिताको जीवनभर र मृत्युपश्चात् ५० वर्षसम्म, ध्वनिअंकन, प्रस्तुति र प्रसारणमा ५० वर्षसम्म र फोटोजन्य रचनामा २५ वर्षसम्म संरक्षण हुने प्रत्याभूति दिइएको छ ।

यस ऐनका अन्य प्रमुख प्रावधानमा व्यक्तिगत प्रयोजन, पठन-पाठन, पुस्तकालय एवं अभिलेखको प्रयोजन, सर्वसाधारणमा जानकारी गराउनुपर्ने महत्वपूर्ण विषयमा स्रोत खुलाई अरूका रचना प्रयोग गर्न पाइने तर आर्थिक अधिकारमा असर पार्न नपाइनेगरी खुला गरेको छ । त्यसैगरी यस ऐनमा कसैको सिर्जना अनुमति बेगर पुनरूत्पादन, विक्री, तोडमोड, अनुवाद तथा पैठारी गर्ने कार्यलाई अधिकार उल्लंघन कार्य मानिएको र उल्लंघनमा कम्तीमा रू. १० हजार देखि १ लाख जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने प्रावधान राखिनुका अतिरिक्त प्रतिलिपि अधिकार उल्लंघनको मामला सरकारवादी मुद्दा हुने, प्रहरीमा निवेदन दिनुपर्ने, कम्तीमा प्रहरी निरीक्षकले मात्र अनुसन्धान गर्न पाउने, जिल्ला अदालतले मुद्दाको किनारा लगाउने तथा यस्तो कारवाही संक्षिप्त कार्यविधि ऐन अर्न्तगत टुंग्याउनुपर्ने व्यवस्था राखिएको छ ।

विद्यमान ऐनमा सिर्जनाको प्रयोगवापत स्रष्टाले लाभ प्राप्त गर्नुपर्छ भन्ने मान्यता राखिएको छ । यसमा सिर्जनाको सार्वजनिक प्रयोगवापत रोयल्टी निर्धारण संकलन र वितरण गरिने प्रावधान छन् । यो प्रयोजनकालागि सम्बन्धित विधाका स्रष्टामात्र रहनेगरी प्रत्येक विधामा छुट्टाछुट्टै रोयल्टी संकलन संस्था गठन गर्न सकिने र त्यस्तो संस्थाले स्वदेश तथा विदेशमा समेत रोयल्टी संकलन गर्नेगरी स्वायत्त संस्थाको परिकल्पना गरिएको छ भने त्यसरी वितरित रोयल्टी चित्त बुझ्दो नभएमा मर्का पर्ने पक्षको उजुरी सुनी अर्धन्यायिक निर्णय दिने अधिकार रजिष्ट्रारलाई प्रदान गरेको छ

यसरी विद्यमान ऐनले संरक्षणको प्रत्याभूतिका अतिरिक्त सिर्जनाको प्रयोगवापत स्रष्टालाई लाभ पुर्‍याउने अत्यन्त अग्रगामी दृष्टिकोण राखेको छ । नेपाली बजार र सिर्जनाको अवस्था हेर्दा अन्य देशहरूमा जस्तै गीत संगीतको क्षेत्रमा यस्तो संस्था गठनको सम्भावना देखा परेको छ र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको पहलमा गठित अध्ययन टोलीले पनि गीत संगीतकै क्षेत्रमा गठन गर्न सिफारिश गरेको छ । यसका लागि गैर सरकारी क्षेत्रमा कार्यरत प्रतिलिपि अधिकार संरक्षण समाजको अगुवाइमा विधान तयार गर्ने र गीत- संगीत क्षेत्रका स्रष्टा जुटाउने कार्य भइरहेकाले निकट भविष्यमै संस्था गठन हुने तर्फ आशावादी हुने ठाउँ छ ।

नेपालका प्रायजसो व्यवसाय खास समूहको पकडमा रहने गरेको प्रभाव प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोग गर्ने समूहमा पनि देखिन थालेको छ । जसको कारण प्रस्तावित रोयल्टी संकलन संस्थामा पनि नमिल्दा विषय समावेश गराउने, आफ्नो पकडमा संस्था राख्न खोज्ने जस्ता अप्रत्यक्ष प्रभाव पनि महसुस भए । तथापि गीत संगीतका क्षेत्रमा स्थापना गर्न खोजिएको संस्थाप्रति भने प्राय सहमति बन्नु सुखद कुरा मान्नु पर्दछ । सिर्जनाको कुरा गर्दा नेपालमा किताब लेखन, गीत-संगीतका ध्वनि अंकन उत्पादन, चलचित्र, कम्प्युटर कार्यक्रम, फोटोजन्य रचनाले बजार लिएको पाइन्छ र यी मध्ये गीत-संगीत र पुस्तक लेखन क्षेत्र बढी आय आर्जन गर्ने क्षेत्रको

गीत संगीतको क्षेत्रमा देखिएको व्यावसायिकताले नेपाली अडियो भिडियोको विदेशमा समेत प्रयोग भएको र नेपाली प्रस्तुति कलाले विदेशमा समेत राम्रो स्थान लिई राम्रो आर्जन गरेको कारण National Treatment बाट फाइदा लिन सक्ने अवस्थामा हामी पनि रहेको तथ्य पुष्टि हुन्छ ।

रूपमा देखिन्छ भने बिना अनुमति सिर्जनाको प्रयोग गर्ने तथा सिर्जनाको नक्कली उत्पादन तथा विक्री वितरण हुने क्षेत्र पनि यही नै देखिएको छ । किताब प्रकाशनमा लेखकलाई नसोधीकनै पुनरूत्पादन गर्ने, निर्धारित भन्दा बढी संख्यामा उत्पादन गर्ने र अरूको लेखन-प्रकाशनलाई उस्तै बनाई प्रकाशन गर्ने गरेका उदाहरण प्रशस्त देखिन्छन् । ध्वनिअंकन उत्पादन तर्फ विक्रीका लागि प्राप्त क्यासेटबाटै विना अनुमति पुनरूत्पादन (नक्कली उत्पादन) गरी विक्री गर्ने गरेका उदाहरणले किताब लेखन तथा ध्वनिअंकन उत्पादनलाई मर्का परेको यथार्थलाई बिर्सन मिल्दैन । यस अतिरिक्त गीतकार एवं संगीतकारको अनुमति विना गीत संगीतको प्रयोग, एउटाको रचना अर्कै नामबाट प्रयोग, लेख संकलन गरी प्रकाशनबाट गरिने व्यवसाय, अरूका राम्रा तस्वीरको अनुमति विना प्रयोग जस्ता प्रतिलिपि अधिकार उल्लंघनका उदाहरणहरू प्रशस्तै छन् । यस्ता कार्यमा जानकार व्यक्ति/समूहको संलग्नता रहनु निश्चय नै संरक्षण र लाभ संकलनकालागि चुनौतीपूर्ण विषय भएको छ ।

सिर्जनाको प्रयोग स्रष्टाको इच्छा र सम्झौता अनुसार हुनुपर्दछ । तर पनि कतिपय अवस्थामा प्रयोगकर्ताले स्रष्टालाई र स्रष्टाले प्रयोगकर्तालाई मर्का पार्ने गरेका गुनासाहरू पनि देखिन्छन् । सम्झौता नै नगरी मौखिक कुराका भरमा सिर्जनाको प्रयोग गर्ने र लाभ जति आफूले मात्रै लिने प्रवृत्ति देखि लिखित सम्झौता गरेकोमा सम्झौता भन्दा बढी दाबी गर्ने दृष्टान्त पनि पाइएका छन् ।

यी समग्र अवस्थातर्फ विचार गर्दा सिर्जनाको प्रयोग र हस्तान्तरणमा सचेतता नअपनाइनु प्रमुख कारण देखिन्छ भने स्रष्टाले आफ्नो सम्पत्तिको प्रयोग एवं दुरूपयोग तर्फ पर्याप्त ध्यान नपुर्‍याउनु अर्को कारण देखिन्छ । त्यसैगरी कानून विपरीत कार्य गर्ने वर्ग प्रमाणसहित कब्जामा लिंदा पनि त्यस विरूद्ध कानून बमोजिम मुद्दा दायर गरी छिनोफानो लगाउनेतर्फ भन्दा मिलापत्र तर्फलाग्ने प्रहरीको व्यवहारले दोषीले सजाय पाउने अवस्था कम हुन जाने हुँदा प्रहरीको सतर्कता र क्रियाशीलता कानून बमोजिम सजाय दिलाउने तर्फ हुनु जरूरी छ ।

नेपाल वर्न महासन्धिमा सम्मिलित भइसकेको र अन्य देशका सिर्जनाको प्रयोगलाई क्रमशः कम गर्दै लैजानकालागि स्तरीय, मौलिक र सुलभ मूल्यका सिर्जना उत्पादन गर्ने तर्फपनि स्रष्टा एवं उद्यमीवर्गले ध्यान दिनै पर्दछ । अन्यथा नक्कली उत्पादन नियन्त्रण गर्न कठिन हुन सक्दछ ।

उपयुर्क्त विषयवस्तुबाट सिर्जनाको गलत प्रयोगमा खास संस्था वा पक्ष मात्र नभई कानून कार्यान्वयन गर्ने निकाय, स्रष्टा, प्रयोगकर्ता, व्यवसायी सबै पक्ष जिम्मेवार देखिन्छन् । यसकालागि स्रष्टाले आफ्नो सम्पत्तिको प्रयोग लिखित सम्झौताद्वारा हस्तान्तरण गरी गर्ने, प्रयोगकर्ताले लिखित सम्झौता विनाका सामग्री पुनरूत्पादन नगर्ने, कानून कार्यान्वयन गर्ने निकायले मर-मोलाहिजा नराखी उल्लंघनमा सजायतर्फ लाग्न सकेमा कमसेकम न्याय पुग्न सक्दछ र निर्बाध सार्वजनिक प्रयोगमा रहने सिर्जनाबाट लाभ लिनका लागि प्रतिलिपि अधिकार संरक्षण समाज र गीत संगीत क्षेत्रका स्रष्टाहरू संस्था स्थापना तर्फ अग्रसर हुनु जरूरी छ ।

**राम प्रसाद भट्टराई**
bhattarai_rampd@hotmail.com

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका गतिविधिहरु : एक झलक



प्रतिलिपि अधिकार कानूनको कार्यान्वयन विषयक एक दिवसीय क्षेत्रीय गोष्ठी, झापा पुष १६, २०६२



नेपालमा प्रतिलिपि अधिकार कानून कार्यान्वयन पक्ष विषयक गोष्ठीमा सम्बोधन गर्दै तत्कालिन माननीय मन्त्री, मंसीर १३ २०६२



कानून कार्यान्वयन निकायहरु बीच समन्वयात्मक छलफल, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय




Representing Nepal in a Discussion Meeting on Broadcasting Treaty in Philippines, July, 2005




Addressing the WIPO National Seminar on Optimizing the Benefits of the Copyright & Related Rights System, Acting Secretary Mr. Sushil J.B Rana, Aug. 1-2, 2005




सिर्जनशीलताको विकासमा लेखन तथा प्रकाशनको महत्व र प्रतिलिपि अधिकार कानून विषयक गोष्ठीमा सम्बोधन गर्दै माननीय मन्त्री, असार ३, २०६३



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको वेभ साइट शुरुवात गर्दै तत्कालीन राज्यमन्त्री, भदौ ५, २०६२




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौ

## नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज

काठमाडौं, नेपाल

### शुभ-कामना

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा श्रष्टा, उपभोक्ता एवं व्यवसायीहरुमा प्रतिलिपि अधिकार सम्बन्धि चेतना तथा ज्ञानमूलक सामाग्रीहरु सहितको चौमासिक "प्रतिलिपि अधिकार बुलेटिन" प्रकाशन गर्न लागेको थाहा पाऊँदा हामीलाई साह्रै खुशी लागेको छ । यस बुलेटिनले प्रतिलिपि अधिकारको क्षेत्रमा समस्त नेपालीहरुलाई सुसूचित गराउन सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

(कुमार बस्नेत)
अध्यक्ष
नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज

## 'सिर्जनाको प्रभावकारी संरक्षणका लागि सिर्जनाको दर्ता गराऔं ।'

के तपाई आफ्ना सिर्जना दर्ता गराउने विषयमा सोंच्दै हुनुहुन्छ ? यदि तपाई आफ्ना रचनाहरु दर्ता गराई यसको प्रभावकारी संरक्षणमा सुनिश्चित हुन चाहनुहुन्छ भने कृपया तलका बुँदाहरुमा एकैछिन ध्यान दिनुहोस् त !

- कुनै पनि प्रकारको सिर्जनाको दर्ताको लागि निर्दिष्ट फाराम भरी रु ५ को टिकट टाँस गरी यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।
- निवेदन फाराम यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ । साथै कार्यालयको वेभसाइट www.nepalcopyright.gov.np बाट सिधै download गर्न पनि सकिन्छ ।
- निवेदन साथ निवेदकको नागरिकताको प्रतिलिपि १ र रचनाको प्रति २ संलग्न हुनु पर्नेछ ।
- रचना तयार गर्दा अन्य व्यक्ति वा संस्थाहरुको पनि संलग्नता भएकोमा ती व्यक्ति वा संस्थाहरुसंग भएका लिखित सम्झौताका प्रतिलिपिहरु संलग्न हुनु पर्नेछ ।
- रचना दर्ता बापत प्रति रचना रु १००- दर्ता शुल्क लाग्नेछ ।

रचना दर्ता भएपनि यस कार्यालयबाट सम्बन्धित रचना धनीको नाममा प्रमाणपत्र प्रदान गरिनेछ ।

यदि तपाईंलाई निवेदन फाराम भर्न कुनै समस्या छ वा यस विषयमा थप जानकारी चाहनुहुन्छ भने निम्न ठेगानामा सम्पर्क गर्नु होला । तपाईंको सहयोगको लागि हामी सधैं प्रतीक्षारत छौं । हाम्रो ठेगाना हो

Nepal Copyright Registrar's Office
Kalilasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155
Fax: 977-1-4431144, PO Box: 430
E-mail: necopyright@wlink.com.np
Web Page: www.nepalcopyright.gov.np



WIPO's Head Office at Geneva

The World Intellectual Property Organization (WIPO) is one of the 16 specialized agencies of the United Nation created in 1967 by the Stockholm Conference. Its predecessor was *United International Bureau for the Protection of Intellectual Property* which had been set up in 1893 to administer the Berne Convention for the Protection of Literary and Artistic Works and the Paris Convention for the Protection of Industrial Property.

The main objective of WIPO is to encourage creativity and to promote the protection of intellectual property all over the world. WIPO currently has 183 member states and administers 24 different international treaties dealing with different aspects of intellectual property protection. Its head - office is located in Geneva, Switzerland. The current Director-General of WIPO is Kamil Idris from Sudan.

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारणका सिर्जनामा सिर्जनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा सिर्जनाको प्रयोगमा देहाय बमोजिम सतर्कता अपनाउनु हुन अनुरोध छ ।

* कसैले तयार गरेको सांगीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुँदैन ।
* चलचित्रको पूरै वा आंशिक अंश चलचित्र उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुँदैन ।
* फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
* पुस्तक, लेख वा अन्य रचनाको पूरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपि गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
* प्रसारण संस्था आफैले तयार गरी प्रसारण गरेको सामग्री अरूले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन ।

यस्ता कार्यहरू अनुमति बिना गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र सिर्जनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ ।

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईंको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । , प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।